# किसान

खाद्य अधिकार, भूमि र कृषिसम्बन्धी
किसानले जान्नैपर्ने केही नीति तथा कार्यक्रम

## कृषि विकास मन्त्रालय, नेपाल सरकारको सल्लाह सुझावसमेत समावेश गरिएको ।


***प्रकाशक***

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
धापासी, काठमाडौं, नेपाल
फोन : ९७७-०१-४३६०४८६, ४३५७००५
E-mail: landrights@csrcnepal.org
www.csrcnepal.org

***प्रकाशन मिति***

२०७०

***आर्थिक सहयोग***

- यूरोपियन युनियन
- अक्सफाम

***सहयोगी***

डा. हरीबहादुर केसी, रघुनाथ लामिछाने, शान्ता उपाध्याय, रक्षा शर्मा, सफल सुब्बा, प्रविनमान सिं, जगत देउजा र विश्वास नेपाली

***कभर फोटो***

तोला पाठक

***स्केच***

राजन काफ्ले

बाँच्नका लागि प्रत्येक मानिसले पर्याप्त खान पाउनुपर्छ । पर्याप्त खान पाउनु प्रत्येक मानिसको आधारभूत मानव अधिकार हो ।

# नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधानमा सबै नागरिकले खान पाउने अधिकार उल्लेख छ । जसमा भनिएको छ– 'प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम **खाद्य सम्प्रभुता**को हक हुनेछ । खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने, सुकुम्बासी, कमैया, हलिया, हरूवा–चरूवालगायत्का आर्थिक सामाजिकरूपले पछाडि परेका वर्गलाई जग्गालगायत् आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिइने उल्लेख छ । यसैगरी राज्यका नीतिहरूमा 'राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्था सिर्जना गरी कृषिलाई उद्योगको रूपमा विकास गर्ने' उल्लेख छ ।

त्यसैगरी शिक्षा, स्वास्थ्य आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी, जनजाति, मधेशी, दलितलगायत सिमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने र मुक्त कमैयाको संख्या यकिन गरी उनीहरूको बसोबासका लागि आधारभूत भूमी र रोजगारीको व्यवस्था गर्नेलगायतका नीतिहरू लिइने कुरा समेत उल्लेख छ ।

## क. खाद्य सुरक्षा

सधैंभरि पर्याप्त मात्रामा सुरक्षित तथा पोषणयुक्त खानामा पहुँच हुने अवस्था नै खाद्य सुरक्षाको अवस्था हो । खाद्य सुरक्षाको अवधारणा खाद्य अधिकारको संरक्षण गर्ने उपायका रूपमा प्रतिपादन गरिएको नीतिगत संरचनाको ढाँचा हो । यसमा निरन्तर पोषिलो खानाको उपलब्धताका लागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय तहमा वातावरण तथा नीति निर्माण गरिनुपर्नेमा जोड दिइएको छ । यसमा खाद्यान्न उत्पादन, वितरणलगायत् खाद्य अधिकार पूरा गर्नका लागि तयार गर्नुपर्ने नीति तथा कार्यक्रम बनाउने कुरा पर्छ । खाद्य सुरक्षाको लागि यी चार अवस्था हुनु जरूरी छ ।



"हामी सबैले खान पाउनुपर्छ"



## ख. खाद्य अधिकार

नागरिकले कृषियोग्य जमिनमा खेतीपाती गरेर, पशुपालन, कृषिजन्य उद्योग व्यवसाय आदिबाट उत्पादन गरेर वा प्राकृतिक साधन स्रोत प्रयोग गरेर वा अन्य कुनै पनि पेशा, व्यवसायबाट हुने आम्दानीको स्रोतबाट आत्मसम्मानपूर्वक खाद्यान्न खरिद गरेर सधैंभरि आवश्यक पोषक तत्वयुक्त, हानिकारक तत्वरहित, साँस्कृतिकरुपले स्वीकार्य गुणात्मक तथा मात्रात्मक हिसाबले पर्याप्त खान पाउनु नै खाद्य अधिकार हो ।

## ग. खाद्य सम्प्रभुता

लाभिया क्याम्पासिना *(विश्व किसान आन्दोलन)* को विश्व खाद्य सम्मेलनको समानान्तर सभाको वैकल्पिक प्रस्ताव हो यो । यो खुला औद्योगिक तथा कृषि नीतिका विरूद्ध विकल्पका रूपमा ल्याइएको *(खुला बजारलाई नस्विकारिएको)* हो । यसअन्तर्गत खाद्यान्न उत्पादन, वितरण तथा **तिनको नियमन**समेतको कुरामा व्यक्ति, समुदाय र राष्ट्रको अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ ।

खाद्य अधिकारबाट कोही पनि वञ्चित हुनु नपर्ने अवस्था सिर्जना गर्नु राज्यको मूलभूत दायित्व हो ।

बजार तथा व्यापारीहरूको प्रयोजनका लागि उनीहरूको माग अनुरूप खाद्यान्न प्रणाली ताकिनु हुँदैन । यसका लागि मात्र नीतिहरू बनिनु हुँदैन । खाद्यान्न प्रणाली तोक्ने तथा यस सम्बन्धी निर्णय पक्रियामा स्वयम् उत्पादन गर्ने, वितरण गर्ने तथा उपभोग गर्ने मानिसहरू नै सम्मिलित हुनुपर्छ भन्ने कुरा खाद्य सम्प्रभुताले बोल्छ ।

## खाद्य सम्प्रभुता बुझ्नका लागि निम्न कुरा बुझ्नु जरूरी छ ।

**खाद्य सम्प्रभुता**

### मानिसहरूको लागि खाना

- खाना व्यापारिक प्रयोजनका लागि मात्र प्रयोग हुन वस्तु होइन ।
- सांस्कृतिक रूपले उपभोग्य तथा स्वास्थ्यको हिसाबले पोसिलो कुरा नै खाना हो ।

### स्थानीय वासिन्दाको नियन्त्रण हुनुपर्छ

- जमिन, जल, जलाशय, वन, बीउ, पशुजस्ता स्थानीय स्रोत र साधनको प्रयोग उपभोग तथा नियन्त्रण स्थानीय वासिन्दामै हुनुपर्छ ।
- सामाजिक तथा वातावरणीय विविधता संरक्षण गरिने हिसाबले स्थानीय स्रोतसाधनको प्रयोग तथा उपभोग गरिनुपर्छ ।
- निजीकरण गर्ने चलन (वैयक्तिक सम्पत्तिमाथिको अधिकार तथा व्यापारिक लेनदेन) लाई निषेध गरिनुपर्छ ।

### खाना उत्पादन तथा वितरण गर्ने मानिसलाई सम्मान गरिनुपर्छ

- उचित ज्याला र सम्मान उत्पादन गर्नेले पाउनुपर्छ ।
- उत्पादन गर्ने मानिसहरूको आत्मसम्मानपूर्वक बाँच्ने तथा उत्पादन गर्ने अधिकार छ ।

### स्थानीय ज्ञान र सिपलाई प्रोत्साहन गरिनुपर्छ

- खाद्यान्न वस्तु उत्पादकहरूको वर्षौं पुरानो प्रविधिहरूलाई स्थापना गर्ने किसिमका आनुवांशिक रूपमा संशोधन गरिएका प्रविधिहरूको हस्तक्षेप हुनुहुँदैन ।
- पुस्तौं पुस्तादेखि हस्तान्तरण हुँदै आएका प्रविधिहरूको अनुसन्धान गरी व्यापक प्रचार गरिनु पर्छ ।

### स्थानीय खाद्यान्न प्रणाली सबल पारिनुपर्छ

- आयातित सस्तो मूल्यका खाद्य वस्तुहरूले स्थानीय उत्पादन वा वस्तु विस्थापन गरिनु हुँदैन ।
- स्थानीय वस्तु उत्पादन तथा वितरण प्रणाली बलियो पारिनु पर्छ
- बाहिरबाट सहुलियतमा कृषिजन्य सामानहरू ल्याइनु हुँदैन । यसले स्थानीय बजारलाई नराम्रो असर पार्छ ।

### प्रकृतिसँग मिलेर जैविक विविधता संरक्षण हुने गरी प्रविधिलाई जोड दिनुपर्छ

- प्राकृतिक स्रोत र साधनको संरक्षण गरिनु पर्छ ।
- ऊर्जा धेरै खर्च नहुने तथा वातावरण र स्वास्थ्यलाई हानी गर्ने किसिमको सघन खेतीविरूद्ध बोल्छ ।

"सधैं किसान खेतीमा
पुग अब नीतिमा"



# राष्ट्रिय कृषि नीति, २०६१

व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवम् दीगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न भन्दै सरकारले राष्ट्रिय कृषि नीति, २०६१ बनाई लागु गरेको छ । जसको उद्देश्य कृषि उत्पादन एवम् उत्पादकत्व बढाउने, व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरू विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने र प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवम् सदुपयोग गर्ने रहेको छ ।

यस नीतिले लक्षित वर्गका लागि विभिन्न विशेष सुविधा दिने प्रावधानहरू व्यवस्था गरेको छ । भूमिहीन, सिमान्त एवं साना कृषकहरूलाई भूमिमा पहुँच बृद्धि गर्ने, खाद्यान्नको उत्पादन र उपलब्धता बृद्धि गर्ने तथा विभिन्न कृषि उत्पादन सामग्रीमा पहुँच बृद्धि गर्नेजस्ता नीतिगत व्यवस्था गरेको छ । अन्य व्यवस्थाहरू यसप्रकार छन् :

- कृषि उत्पादन गर्नका लागि उत्पीडित, दलित तथा अन्य सीमान्त तथा भूमिहीन कृषि श्रमिकहरू समूहमा सङ्गठित भई कृषि जग्गा वा पोखरी वा घोल वा जलाशय वा नदी/नालाका क्षेत्रहरू करारमा अथवा कबुलियतमा लिएर आए भने उनीहरूलाई बीउ/विजन तथा प्राविधिक सेवा निःशुल्क उपलब्ध गराइनेछ । साथै कृषि विकास बैंकलगायत् वित्तीय संस्थाहरू परिचालन गरी सहुलियत दरमा समूहमा कृषक ऋण उपलब्ध गराइनेछ ।

- लक्षित समुदायले सीमान्त जमिन, चरन, खर्क, हैसियत बिग्रिएका वन तथा प्रयोगमा नआएका सार्वजानिक जमिनलाई कबुलियतमा लिएर सम्भाव्यताअनुसार घाँस, डालेघाँस, कृषि वन, जडीबुटी तथा रेशमखेती एवम् अन्य स्थायी रूख बिरूवा हुनेखालका नगदेवाली एवम् फलफूल बगैँचा विकास गर्नका लागि उपयोग गर्न सक्नेछ । साना सिँचाइ पूर्वाधारहरू जस्तै- ढिकी पप्प, स्प्रिङ्कल, डिप बोरिङ, पानी सङ्कलन पोखरी

आदिको निर्माण तथा जडानमा लक्षित समूहलाई विशेष सुविधा दिइनेछ ।

- मौसम तथा अन्य प्रकोपको उतारचढावको अवस्थामा आधा हेक्टरभन्दा कम जमिन भएका र वर्षभरि सिँचाइ सुविधा नभएका कृषकका लागि र भूमिहीन तथा अन्य वैकल्पिक आयस्रोत नभएका सीमान्त कृषकका लागि खाद्य तथा पोषण सुरक्षा कवचको विकास गर्दै लगिनेछ ।

यस नीतिले अंगिकार गरेका अन्य सान्दर्भिक विषयहरू :

- कृषिका कार्यक्रम सञ्चालनमा सम्भव हुने सबै क्षेत्रमा महिला संलग्नता एवम् सहभागिता ५० प्रतिशत पुर्‍याइनेछ ।
- शिक्षित बेरोजगार युवाहरूलाई कृषि पेशामा आकृष्ट गर्न कृषि व्यवसाय स्थापना तथा सञ्चालन तालिम व्यवस्था गरिनेछ ।
- सहकारीमा आधारित कृषि उद्योग एवम् व्यवसाय प्रबर्द्धनमा प्राथमिकता दिइनेछ ।
- पशु तथा बाली बीमाको व्यवस्था गरिनेछ ।
- कृषि वस्तुहरूको बजार सुनिश्चितता दिन संकलन केन्द्र तथा कृषि हाटबजार र थोक बजारहरूको विकास र विस्तारमा टेवा पुर्‍याइनेछ ।

# राष्ट्रिय भू-उपयोग नीति, २०६९

- भूमिलाई पछिसम्म उपयोग गर्न सकियोस् र प्रभावकारी व्यवस्थापन गर्न सकियोस् भन्ने उद्देश्यले सरकारले राष्ट्रिय भू-उपयोग नीति २०६९ वैशाख ४ गतेदेखि लागु गरेको छ । यो नीतिअनुसार २०७९ भित्र उपयोगको लागि तहगत भू-उपयोग योजना तयार गरी देशको सम्पूर्ण भूमिलाई बनौट, क्षमता, उपयुक्तता र आवश्यकताका आधारमा वर्गीकरण गरिनेछ । यो नीतिले भूमिलाई (क) कृषि क्षेत्र, (ख) आवासीय क्षेत्र, (ग) व्यावसायिक क्षेत्र, (घ) औद्योगिक क्षेत्र, (ङ) वन क्षेत्र, (च) सार्वजनिक उपयोगको क्षेत्र र (छ) आवश्यकताअनुसार अन्य क्षेत्रमा विभाजन गरिनेछ । यसरी वर्गीकरण गरिएपछि त्यस आधारमा मात्र भूमि उपयोग गर्न पाइनेछ । कृषि पेशालाई व्यावसायीकरण गर्न व्यावसायिक खेती, सहकारी खेती, करार खेती जस्ता खेती प्रणालीहरू अवलम्बन गर्न प्रोत्साहन गरिने सोच पनि यो नीतिको छ ।

- भू-उपयोग नीति कार्यान्वयनमा ल्याउनका निमित्त विभिन्न तह (केन्द्र, जिल्ला, नगरपालिका वा गाविसस्तर) मा भू-उपयोग योजनाहरू तर्जुमा गरिनेछन् ।

- मनासीव कारण वेगर कसैले लगातार ३ वर्षसम्म कृषि क्षेत्रको जग्गा बाँझो राखेमा सरकारले लिनेछ र सार्वजनिक हितको कार्यमा लगाउनेछ । कृषि क्षेत्रको मात्र हैन, अन्य प्रयोजनका लागि निर्णय गराई उपयोगमा

नल्याई बाँझै राखिएको कृषियोग्य जग्गाको हालतसमेत यस्तै हुनेछ ।

- जग्गाचाहिं कृषि क्षेत्रमा पऱ्यो तर उक्त जग्गामा खेतीचाहिं लगाइएन भने त्यस्तो जग्गाधनीलाई सरकारले अनुदान, सुविधा र सहयोग दिंदैन । उल्टै थप कर लगाउन सक्नेछ ।

- जग्गा जेका लागि भनेर लिइएको हो त्यही काम नगरेमा सो जग्गामा बढी कर लगाइने र यस्तालाई राज्यले दिने सुविधासमेत कटौती गरिने व्यवस्था पनि भू-उपयोग नीतिले अघि सारेको छ ।

## नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, २०७०/७१

आर्थिक वर्ष २०७०/७१ को नीति, बजेट तथा कार्यक्रममा मूलतः निम्न व्यवस्था गरिएको छ :

- कृषिजन्य जैविक विविधताको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकूलन प्रविधिहरूको विकास र विस्तार गर्ने ।



## मल

- किसानलाई प्राङ्गारिक मलमा अनुदान दिने र यस्तो मल कृषि सामाग्री संस्थान वा कम्पनीमार्फत् वितरण गर्ने व्यवस्था मिलाउने ।

- कम्पोस्ट मल उत्पादन र उपयोग बढाउन गोठ सुधार कार्यक्रम ४० जिल्लामा विस्तार गर्ने ।



सिँचाइ

- साना सिँचाइ पूर्वाधारहरू, जस्तै- ढिकी पम्प, रोअर पम्प, स्प्रिङ्कलर, ड्रीप, पानी सङ्कलन पोखरी आदिको निर्माण तथा जडानमा लक्षित समूहलाई विशेष सुविधा दिइनेछ ।

## अन्य नीतिगत व्यवस्था

१. "उच्चस्तरीय बीउ विजन आपूर्ति तथा वितरण व्यवस्था समिति" गठन गरी बीउ बालीको जात एवम् प्रकार हेरी २५ देखि ५० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गर्न सक्नेछ । अनुदानमा मुख्यतः (क) खाद्यान्न बाली : धान, गहुँ, मकै र कोदो, (ख) दलहन बाली : मुसुरो, चना, रहर, मुङ र केराउ, ग) तेहलन बाली : तोरी तोकिएको छ ।

२. "कृषकलाई उन्नत बीउ विजन खरिद मूल्यमा अनुदान उपलब्ध गराउने" नीतिअन्तर्गत राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडमार्फत् कम साधन र स्रोत भएका किसानले गुणस्तरयुक्त जातका महँगो बीउ विजन अनुदानमा पाउने व्यवस्था गरिएको छ ।

३. खाद्यान्न न्युन हुने दुर्गम २६ जिल्लामा बीउ ढुवानीमा दिने अनुदानलाई सरकारले निरन्तरता दिएको छ ।

४. कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिम कम गरी ती व्यवसायतर्फ कृषकलाई आकर्षित गर्न र कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन तथा लगानी सुरक्षित गर्न सरकारले बिमा व्यवस्था गरेको छ ।



५. यसका लागि बाली तथा पशु धन बिमा कोष गठन गरिने र बिमाका लागि चाहिने कुल रकमको आधा पैसा (प्रिमियम) यो कोषले हालिदिने तथा आधाचाहिं बिमा गराउने किसानले हाल्नुपर्ने व्यवस्था छ ।

६. किसानले यस्तो सुविधा विभिन्न बिमा कम्पनीमार्फत् पाउनेछन् । कुनकुन बिमा कम्पनीमार्फत् के केमा कसरी सेवा उपलब्ध गराउने भन्ने व्यवस्था बिमा समितिले मिलाउनेछ । जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला पशु सेवा कार्यालयमार्फत् किसानले यस्तो सुविधाबारे जानकारी प्राप्त गर्न सक्नेछन् ।

७. आगलागी, चट्याङ, बाढी, पहिरो, असिना, रोग आदिले यी बाली नष्ट भए भने बिमा कम्पनीले कुल विमाङ्क रकमको ९० प्रतिशतसम्म क्षतिपूर्ति दिन्छ । १० प्रतिशतचाहिं किसानले नै बेहोर्नुपर्छ ।



८. दूध, मासु र ऊन उत्पादनसँग सम्बन्धित पशुपन्छीको पनि बिमा हुन्छ ।

९. उत्कृष्ट कृषकलाई प्रोत्साहित गर्न राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार पनि स्थापना हुने भएको छ ।

१०. सन् २०२० सम्म (७ वर्षभित्र) सार्क क्षेत्रबाट खोरेत रोग उन्मूलन गर्ने प्रतिबद्धता पूरा गर्न गाई, भैंसीमा खोरेत खोप लगाउने कार्यक्रम विस्तार हुने पनि बजेटले उल्लेख गरेको छ ।

११. तेह्रथुम, सङ्खुवासभा, काभ्रेपलान्चोक, धनकुटा, नुवाकोट, सिन्धुपाल्चोक, म्याग्दी, गोरखा, लमजुङ, सुर्खेत, बैतडी, डडेलधुरा, दैलेख र सल्यान जिल्लामा कार्यान्वयन भइरहेको तरकारी उत्पादन पकेट कार्यक्रम विस्तार गरिने कार्यक्रम पनि बजेटमा छ ।

१२. सरकारले एक गाउँ एक उत्पादन कार्यक्रमलाई २१ जिल्लाबाट विस्तार गरी ३२ जिल्लामा पुऱ्याएको छ । आगामी वर्ष थप १५ जिल्लामा विस्तार गर्ने योजना छ ।

१३. दलित, लापोन्मुख र सिमान्तकृत समुदायका परम्परागत पेशालाई सहकारीमा संगठित गरी आधुनिक व्यवसायका रूपमा रूपान्तरण गर्न अनुदान उपलब्ध गराउने योजना छ ।

# जिल्ला कृषि विकास कार्यालयबाट सञ्चालित हुने केही कार्यक्रम तथा प्रक्रियाहरू

## साना सिँचाइ विशेष कार्यक्रम

सेवा केन्द्रको सहयोगमा समूह गठन गर्ने । जिल्ला कृषि विकास कार्यालयबाट विधानको फाराम लिई विधान तयार गरेर समूह दर्ता गर्ने । समूहको निर्णय र १०० रुपियाँ दस्तुर र कृषि सेवा केन्द्र र गाविसको सिफारिससाथ निवेदन पेश गर्ने । जिल्ला कृषि विकास कार्यालयले सूचना प्रकाशित गरी ताकेको मितिभित्र (समूहमा कम्तिमा १५ जना सदस्य हुनुपर्छ) निवेदन प्राप्त भएपछि जिल्ला कृषि विकास समितिको बैठक बसी कार्यक्रम स्वीकृत हुन्छ । यस्तो कार्यक्रममा कुलो, नहर, इनार, पोखरी, पम्पसेट, ढिकी पम्पका लागि बढीमा १ लाख ५० हजार रुपैंयासम्म लगानी गरिन्छ । यो कार्यक्रम समूह र कृषि विकास कार्यालयको ८५-१५ प्रतिशतको साझेदारीमा सञ्चालन हुन्छ । कार्यक्रम कार्यान्वयनका लागि कृषकले न्यूनतम १५ प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सी वा तीनैथरिलाई सहभागिताका लागि व्यहोर्नु पर्दछ ।

## सहकारी खेतीमा आधारित कार्यक्रम

यो पनि सिँचाइ कार्यक्रम नै हो । यसमा निम्न प्रक्रियाबाहेक अरू माथि (साना सिँचाइ विशेष कार्यक्रममा)

उल्लेख भएअनुसार नै सञ्चालन गरिन्छ । निवेदन दस्तुर ३०० रुपियाँ लाग्छ । कम्तिमा २५ जनाको कृषक सहकारी संस्था हुनुपर्छ । यो कार्यक्रम ३ लाख रूपियाँसम्मको हुन्छ । सहकारी संस्थाले निवेदनसाथ स्कीमको प्रस्ताव, सहकारी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, कृषि सेवा केन्द्रको सिफारिस, गाविसको सिफारिस र संस्थाको निर्णयको प्रतिलिपिसमेत पेश गर्नुपर्दछ । यो कार्यक्रम पनि ८५-१५ प्रतिशतको साझेदारीमा सञ्चालन हुन्छ । यो कार्यक्रममा गरिने लगानीबारे पनि जिल्ला कृषि विकास समितिको बैठकले निर्णय गर्छ ।

## मिनिकिट वितरण कार्यक्रम

तरकारी, दालमा मुसुरो, अन्नबालीमा धान, मकै, गहुँको मिनिकिटहरू वितरण गरिन्छ । सेवा केन्द्रको मागअनुसार जिल्ला कृषि विकास कार्यालयले मिनिकिटको व्यवस्था गर्छ । अन्न तथा दालबालीमा एकदेखि डेढ किलोसम्म र तरकारीमा ५ बालीको कम्पोजिट प्याकेटको मिनिकिट हुन्छ । मिनिकिटका बीउ बिजन निःशुल्क वितरण गरिन्छ । वितरणको व्यवस्था सेवा केन्द्रले मिलाउँछ ।

## बीज वृद्धि कार्यक्रम

अन्नबालीमा धान, मकै र गहुँ बालीको बीज वृद्धि कार्यक्रम सञ्चालन गरिन्छ । समूहमार्फत् यो कार्यक्रम सञ्चालन गरिन्छ । समूहको छनौट सेवा केन्द्रबाट गरिन्छ । बीउको

मूल्यको २५ प्रतिशत अनुदान र ७५ प्रतिशत समूहले लगानी गर्नुपर्छ । बीउ ढुवानी जिल्ला कृषि विकास कार्यालयले निःशुल्क गरिदिन्छ ।

यी कार्यक्रमहरूको साथसाथै जिल्ला कृषि विकास कार्यालयबाट विभिन्न स्तरका कृषक तालिमहरू, कृषक पाठशाला, गोष्ठीहरू, भ्रमण कार्यक्रमहरू, कृषक दिवस, प्रदर्शनी कार्यक्रमहरू तथा कृषि मेला प्रदर्शनीका कार्यहरू संचालन हुन्छन् । यी कार्यक्रमहरू निःशुल्क सहभागी हुन सकिन्छ । त्यसका लागि कृषि सेवा केन्द्रहरूमा सम्पर्क राख्नुपर्छ ।

जिल्ला कृषि विकास कार्यालय र सेवा केन्द्रबाट मौसम अनुसारका तरकारीका बीउहरू, विषादीहरू निःशुल्क वितरण हुन्छन् । फलफूलका विरूवाहरू, आलुको बीउ सरल मूल्यमा वा निश्चित प्रतिशत अनुदानमा वितरण हुन्छन् । प्लास्टिक कृषि औजारहरू, मौरी घार, गोला इत्यादि निश्चित प्रतिशत छुटमा वितरण हुन्छन् ।

जिल्ला कृषि विकास कार्यालयले बाली उपचार शिविर, माटो परीक्षण शिविरजस्ता कार्यक्रम पनि निःशुल्क संचालन गर्दछ ।

## सेवाग्राही समुदायको भूमिका

माथि उल्लेख भएका विषयवस्तुबारे छलफल केन्द्र तथा समुदायमा व्यापक छलफल गर्नुहोस् । तपाईंहरूको गाविस

क्षेत्रभित्र कृषि सेवा केन्द्र छ/छैन पत्ता लगाउनुहोस् । छ भने तपाईंहरूको समुदायले कुन कुन सेवा प्राप्त गरिरहेको छ र कुन कुन सेवा प्राप्त गर्न सकेको छैन भन्नेबारे पनि छलफल गर्नुहोस् । गरिब, दलित र सीमान्तकृत जनजातिले पाउने भनेको सेवा कसले पाइरहेको छ भन्नेबारे पनि खोजी गर्नुहोस् ।

*(स्रोतः कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका २०६८/६९, कृषि विभाग)*




## स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६

- प्रविधि हस्तान्तरण, कृषक तथा कृषि उद्यमी र प्राविधिकहरूका लागि सिप विकास तालिम तथा कृषक भ्रमण तथा स्थलगत तालिम कार्यक्रममा पनि गाविसले सहयोग गर्न सक्छ । जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका कृषक सहकारीका लागि कृषि तथा पशु विकाससम्बन्धी स्रोत केन्द्रहरू सञ्चालन, सामुदायिक पशु (भेटेरिनरी) सेवा केन्द्र, पशु आहार तथा सामुदायिक माछा पोखरीको संरक्षण, मर्मत सम्भार र सञ्चालन कार्यक्रममा पनि गाविसले सहयोग गर्न सक्छ ।

- यसबाहेक कृषि बजारीकरण सहयोग कार्यक्रम (कृषि उपज सङ्कलन केन्द्र, हाट बजारका लागि टहरा तथा छाप्राहरू निर्माण, मर्मत तथा सञ्चालन, दूध सङ्कलन केन्द्र आदि) कृषक पाठशाला सञ्चालन तथा व्यवस्थापन, (प्राङ्गारिक खेती प्रणालीसँग आबद्ध गर्ने) कृषि सिँचाइ (कृषक व्यवस्थापनमा रहेका साना सिँचाइ कुलाहरूको मर्मत सम्भार, वर्षाद्को पानी सङ्कलन, स्प्रिङ्कलर सिँचाइ आदि) मा पनि गाविसले सहयोग गर्न सक्छ ।

## गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार

### कृषिसम्बन्धी

१) कृषि विकास कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने ।

२) कृषि हाट बजार र मेला लगाउने वा लगाउन सहयोग गर्ने ।

३) गाउँ विकास क्षेत्रभित्र पशुरोगको रोकथामका निमित्त आवश्यकतानुसार पशु चिकित्सालय सञ्चालन गर्ने/गराउने । पशु चरनका लागि आवश्यक गौचरनको व्यवस्था गर्ने/गराउने ।

४) कृषि क्षेत्र विकास र विस्तारका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने ।

### सिँचाइ, भूक्षय तथा नदी नियन्त्रणसम्बन्धी

१) गाउँ विकास क्षेत्रभित्र आवश्यक पर्ने सिँचाइ, बाँध, कुला, पैनी, पानीघाट आदि आयोजना तयार गरी कार्यान्वयन गर्ने/गराउने ।

२) गाउँ विकास क्षेत्रलाई प्रभाव पार्ने भू-क्षय र नदी नियन्त्रणसम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने/गराउने ।

## वन तथा वातावरणसम्बन्धी

१) पर्ति जग्गा, डाँडा, भीर पाखा एवम् सार्वजनिक जग्गामा वृक्षरोपण गर्ने/गराउने ।

२) गाउँ विकास क्षेत्रका वन, वनस्पति, जैविक विविधता, भू-संरक्षण सम्बन्धमा कार्यक्रम तयार गरी सञ्चालन गर्ने/गराउने ।

३) वातावरण सरक्षणसम्बन्धी विभिन्न कार्यक्रम बनाई सञ्चालन गर्ने/गराउने ।

गाउँ विकास समितिले आफूलाई प्राप्त बजेटको कम्तिमा १५ प्रतिशत कृषि क्षेत्रमा छुट्याउनु पर्ने प्रावधान रहेको छ । कृषि क्षेत्रमा रकम विनियोजन नगरे वा खर्च नगरे गाविसको कार्य क्षमता मूल्यांकनमा कम नम्बर आउँछ । गाविसमा कृषि कार्यक्रम सञ्चालन गर्न कृषि, बन तथा वातावरण समिति बनाएर काम गर्न सकिन्छ । गाविसबाट सञ्चालित हुने कार्यक्रमका लागि प्राविधिक सहयोग कृषि/पशु सेवा केन्द्रबाट लिन सकिन्छ । गाविसबाट साना सिंचाई, कृषि बीउ/विरूवा वितरण, तालिम, तालिम कार्यक्रमहरू, भ्रमण, कृषि मेला प्रदर्शनी, कृषि उपकरण वितरणजस्ता कार्यक्रम गर्न सकिन्छ ।

# जलवायु परिवर्तन नीति, २०६७

## जलवायु परिवर्नन नीति २०६७ का लक्ष्यहरू

१. वि.सं. २०६८ भित्र आर्थिक स्रोत जुटाई राष्ट्रिय अनुकूलन कार्यक्रममा उल्लिखित स्थानीयस्तर समुदायमा आधारित अनुकूलनका कार्यहरू कार्यान्वयनको सुरूवात् गर्ने ।

२. जलवायु परिवर्तनबाट जोखिममा रहेका हिमाल, पहाड, चुरे र तराई क्षेत्र, प्राकृतिक सम्पदा, तथा जीविकोपार्जनमा परेको प्रतिकूल प्रभाव कम गराउन वि.सं. २०७७ भित्र भरपर्दो प्रभाव पूर्वानुमान प्रणाली विकास गर्ने ।

३. जलवायु परिवर्तन केन्द्रको स्थापना गर्ने, सामाजिक, आर्थिक विकासलाई जलवायु समानुकूलन बनाउने, जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यूनीकरणका उपायहरू अवलम्बन गर्दै जाने ।

**माथिका लक्ष्य प्राप्तिका लागि निम्न नीति अवलम्बन गरिनेछन् :**

१. जलवायु परिवर्तनबाट सिर्जित रोगबाहक किटाणु तथा सङ्क्रामक रोगको महामारी फैलिन नदिन पूर्वानुमान तथा रोकथामको आवश्यक संयन्त्र विकास गर्ने/गराउने ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट जुटाइएको आर्थिक स्रोतलाई जलवायु अनुकूलन, प्रतिकूल प्रभाव न्युनीकरण तथा न्युन कार्बन विकास कार्यहरू लगायत् जल उत्पन्न तथा अन्य प्रकोप, जस्तै- बाढी, पहिरो, खडेरी आदिबाट पीडितलाई राहतका लागि खाद्य, स्वास्थ्य तथा जीवनाधार सुरक्षाका लागि उपयोग गर्ने ।

३. जलवायु परिवर्तनसम्बन्धी कार्यमा गरिब, दलित, सीमान्तकृत जनजाति, आदिवासी, महिला, बालबालिका तथा युवाको सहभागिता सुनिश्चित गरी जलवायु अनुकूलनसम्बन्धी कार्यहरू कार्यान्वयन गर्ने ।

४. जलवायु परिवर्तनका कारण खाद्यान्न, प्रजाति, पर्यावरणीय प्रणाली तथा स्वास्थ्यमा पर्ने सम्भावित खतराहरूबाट बच्न प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने/गराउने ।

५. जल उपलब्धता हेरी बाढी-सिँचाइ जस्ता पद्धतिको विकल्पमा पानी किफायत हुने आधुनिक प्रविधि विकास गर्ने ।

६. खडेरी तथा डुवान (थोरै र बढी पानी) को भार सहन सक्ने कृषि प्रजाति पहिचान तथा विकास गरी प्रयोगमा ल्याउने ।

७ माटो र पानी संरक्षण गर्नका लागि मुहान संरक्षण, वर्षा–पानी सङ्कलन एवम् पर्यावरणीय सर–सफाइ जस्ता उपाय अवलम्बन गर्ने ।

८. जलवायु परिवर्तनका प्रतिकूल प्रभाव न्यून गर्न उपयुक्त प्रविधिको पहिचान तथा विकास गर्ने ।

९. जलवायु परिवर्तनबाट प्रभावित कृषि तथा प्रकोप बिमाको व्यवस्था गर्ने




# राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) कृषि तथा खाद्य सुरक्षाको विषयमा के भन्छ ?

नेपालमा जलवायु परिवर्तनले प्रभाव पारेका ६ विषयगत क्षेत्रमध्ये 'कृषि तथा खाद्य सुरक्षा पनि एक प्रमुख क्षेत्र हो' भनी नापाले पहिचान गरेको छ ।

नापामा जलवायु परिवर्तनको प्रभावका हिसावले गरिएको वर्गीकरणले दैलेख जिल्ला उच्च जोखिम, डडेल्धुरा मध्यम जोखिम र सुर्खेत न्युन जोखिममा परेको देखाएको छ ।

कृषि तथा खाद्य सुरक्षाको सन्दर्भमा स्थानीय समुदायहरूले बाली र पशुपालनको उत्पादन नबढ्नुमा प्रमुख जिम्मेवार जलवायुमा आएको परिवर्तन नै हो भनी पहिचान गरेका छन् । नेपालको जोखिमयुक्त निर्वाहमुखी कृषि अर्थतन्त्र खोलाहरूको बहन विश्वसनीयतामा परिवर्तन, अझ सघन वा अनिश्चित मनसुन वर्षा र बालीलाई पार्ने प्रभावका कारण सङ्कटमा परिरहेको छ ।

जलवायु परिवर्तनले पार्ने नकारात्मक असर सम्बोधन गर्न हालै गरिएका सुरूवातहरूमा बढी उपयुक्त बाली लगाउने, जैविक कृषि प्रविधि तथा क्रियाकलाप अवलम्बनबाट रासायनिक मल प्रयोगको मात्रामा कमी ल्याउने, समुदायमा आधारित खेतमा जल व्यवस्थापन गर्ने र स्थानीय अनुकूलन कार्यक्रमहरूको कार्यान्वयनलाई सहयोग पुऱ्याउन कृषक सहकारी स्थापना गर्ने जस्ता कार्य हालै सुरु गरिएका छन् ।



## कृषि तथा खाद्य सुरक्षाका लागि अनुकूलनका विकल्पहरू

| जलवायु परिवर्तनका असर र प्रभाव | अनुकूलन विकल्पहरू |
|---|---|
| भारी वर्षामा वृद्धि र महामारी | सचेतना वृद्धि, खाना र सफा खानेपानीको व्यवस्था, समुदायस्तरमा फोहोर व्यवस्थापन प्रबर्द्धन, आपतकालीन स्वास्थ्य सेवाको व्यवस्था |
| घट्दो वर्षा, बढ्दो तापमान र खडेरी | सम्भावित खडेरीजन्य क्षेत्रहरूको पहिचान भविष्यवाणी, जीविकोपार्जनको विविधीकरण, सुख्खा खप्न सक्ने बालीका प्रजातिहरूको वितरण, खाद्य सहयोगको व्यवस्था |
| घट्दो वर्षा, बढ्दो तापमान र वनमा आगो लाग्ने | सचेतना वृद्धि, वृक्षरोपण, वृक्षरोपणको प्रबर्धन, पुनः वृक्षरोपण कार्यक्रम र वनको संरक्षण, वन आगोबाट संरक्षण |
| बढ्दो तापमान तथा हिमताल बिष्फोटनबाट हुने पहिरो बाढी, अन्य पहिरो | हिमताल बिष्फोटनबाट हुने बाढी, पहिरो न्युनीकरण, सचेतना वृद्धि |
| बढ्दो तापमान र तातो हावा | सचेतना वृद्धि, पूर्वचेतावनी प्रणाली र भविष्यवाणी |
| अन्य र चिसो हावा | वृक्षरोपण, पुनः वृक्षरोपण, सचेतना वृद्धि |
| अन्य र असिना, आँधीबेहरी, चट्याङ पर्नु | बिमाको व्यवस्था, न्यानो कपडाको व्यवस्था, समुदायमा आधारित कोष, जीविकोपार्जनको विविधीकरण, मौसम भविष्यवाणी |




# महिला किसानलाई भूमिमा स्वामित्व सरकारी प्रावधानहरू

- सरकारले भूमिमा महिलाको स्वामित्व बढाउन श्रीमान्को नाममा रहेको घर जग्गामा श्रीमतीसमेतको सगोलनामा गरी संयुक्त पुर्जा बनाउन एक सय रूपियाँ तिरे पुग्ने व्यवस्था गरेको छ । यो अवसरको उपयोग गर्दै संयुक्त पुर्जा बनाउने अभियान नै चलेको छ । घर-जग्गा परिवारका

सबैको परिश्रमले बनेको सम्पत्ति हुनाले अधिकार पनि सबैको बराबर हुन्छ ।

- त्यसैले महिलाले खेतबारीमा पोखेको श्रम र उत्पादनमा पुऱ्याएको योगदानको कदर गर्दै आफ्नो परिवारको संयुक्त पुर्जा बनाऔं । यसरी संयुक्त पुर्जा बनाउँदा महिलाको पहिचान र सुरक्षा बढ्छ । छिमेकी र नातागोताले पनि आदर गर्छन् । उद्यम गर्ने आँट बढ्छ । उत्पादन बढेपछि सिङ्गो परिवारलाई नै फाइदा पुग्छ । कुनै एक जनाले खुसुक्क जग्गा बेच्ने वा गुमाउने खतरा हुँदैन ।

- श्रीमान् र श्रीमतीको नागरिकता, नागरिकतामा सम्बन्ध नखुलेको हकमा विवाह दर्ताको प्रमाणपत्र र सक्कल जग्गाधनी पुर्जासहित मालपोत कार्यालयमा गई एकै दिनमा संयुक्त पुर्जा बनाउन सकिन्छ । संयुक्त पुर्जा बनाई परिवारमा सुख र खुसी ल्याउँ । श्रीमान् र श्रीमती दुवैको हैसियत बढाउँ ।

- त्यस्तै महिलाले जग्गा किन्दा लाग्ने राजश्वमा सहरी क्षेत्रमा २५, पहाडी ग्रामीण क्षेत्रमा ३० र हिमाली क्षेत्रमा ४० प्रतिशत छुट पाउने व्यवस्था छ । यसबाट फाइदा लिउँ ।

## खाद्य अधिकार संविधानमै किन ?

मानिसको सबैभन्दा ठूलो अधिकार **जीवनको अधिकार** हो र भोकबाट मुक्ति यसको अनिवार्य सर्त हो । यसबाट मुक्तिबिना अन्य कुनै अधिकारको अर्थ हुँदैन । यही अधिकार सुरक्षित नरहे अन्य अधिकारसमेत उपभोग गर्न नसकिने हुँदा यो अधिकार अत्यावश्यक अधिकार हो । तसर्थ यसलाई पूरा गर्नु राज्यको पहिलो दायित्व हो । आर्थिक तथा सामाजिक अधिकारहरूबाट वञ्चित व्यक्तिहरूले नागरिक तथा राजनीतिक अधिकारहरू पनि उपभोग गर्न सकेका छैनन् । यसले अन्यायलाई बढावा दिन्छ ।

**विद्रोहको प्रमुख कारण नै अन्याय हो र मानिसलाई भोकबाट मुक्ति नदिनुभन्दा ठूलो अन्याय कुनै हुन सक्तैन** किनकि मानिस खाद्यान्न नभएर भन्दा पनि यसको न्यायपूर्ण वितरण नभएकाले भोक खप्न वा त्यसकै कारण मर्न बाध्य छन् । नेपाल आर्थिक, सामाजिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको पक्ष राष्ट्र भएको तथा विश्व खाद्य सम्मेलन, सहस्राब्दी विकास लक्ष्य आदिमा पनि सहभागी भएकाले खाद्य अधिकार सुनिश्चित गर्नु यसको अन्तर्राष्ट्रिय दायित्व पनि हो ।

## संविधानमा खाद्य अधिकार कसरी सुनिश्चित गर्ने त ?

**खाद्य अधिकार :** १) (क) प्रत्येक नागरिकलाई भोक तथा कुपोषणबाट मुक्तिको अधिकार हुनेछ ।

ख) कुनै पनि नागरिकको खाना उपलब्ध नभएर भोकबाट मृत्यु भएमा निजको परिवारलाई कानुनबमोजिम तोकिएको राहत/सहयोग दिइनेछ र जिम्मेवार अधिकारीलाई कानुनबमोजिम सजाय गरिनेछ ।

२) हरेक नागरिकलाई बिना कुनै भेदभाव पर्याप्त खाद्य अधिकार हुनेछ ।